# खत्याड गाउँपालिका

# स्थानिय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित



| खण्डः ७ | संख्याः २ | मितिः २०८१।०३।१० |
|---|---|---|



## भाग-१

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँपालिकाको १६ औं गाउँसभाले खत्याड गाउँपालिकाको विनियोजन ऐन, २०८१ तर्जुमा गरेको छ।

# खत्याड गाउँपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावना**

खत्याड गाउँपालिकाको आ.व.२०८१-०८२ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खत्याड गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम प्रारम्भ: १) यस ऐनको नाम "खत्याड गाउँपालिकाको विनियोजन ऐन २०८१" रहेको छ।

२. यो ऐन तुरुन्त लागु हुनेछ ।

३. आर्थिक वर्ष २०८१/०८२ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:

१. आर्थिक वर्ष २०८१/०८२ को लागि गाउँकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.६३,६९,०४,०००।(अक्षरेपी त्रिसठ्ठी करोड उनान्सत्तरी लाख चार हजार मात्र ।) मा बढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. विनियोजन:

१. यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्ने र आर्थिक वर्ष २०८१/०८२ को लागि गाउँकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि विनियोजन गरिएको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुन जाने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सोही शिर्षकको जम्मा रकमको १० प्रतिशत नबढाउने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्कै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गरी निकासा र खर्च जनाउन सकिने छ ।यसरी रकमान्तर गर्दा चालु खर्च शिर्षकबाट पूँजिगत खर्चमा रकमान्तर गर्न सकिने छ भने पूँजिगत खर्च शिर्षकबाट चालु खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनुपर्नेछ ।

**अनुसूची १**

**दफा २ सँग सम्बन्धित**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजित हुने रकम** **रु.हजारमा**

| क्र. | विवरण | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| स | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | निशर्त अनुदान | गाउँ कार्यपालिका | ० | ० | ० | ० |
| | | वडा समिति शाखा | ० | ० | ० | ० |
| | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| | | लगानी (सेयर/ऋण) | ० | ० | ० | ० |
| २ | शसर्त अनुदान | गाउँ कार्यपालिका | २५६३०० | ७६९०० | ० | ३३३२०० |
| | | वडा समिति शाखा | ० | ० | ० | ० |
| | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| | | लगानी (सेयर/ऋण) | ० | ० | ० | ० |
| ३ | आन्तरिक राजस्व परिचालन | आगामी वर्षको अनुमान | १५०० | १५०० | ० | ३००० |
| | | आन्तरिक स्रोत बैंक मौज्दत | ० | ० | ० | ० |
| | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| | | लगानी (सेयर/ऋण) | ० | ० | ० | ० |
| ४ | संघीय समपुरक अनुदान | गाउँ कार्यपालिका | ० | ० | ० | ० |
| ५ | संघीय विशेष अनुदान | गाउँ कार्यपालिका | ० | ११५०० | ० | ११५०० |
| ६ | संघीय समानिकरण अनुदान | गाउँ कार्यपालिका | ० | १०४२०० | ० | १०४२०० |
| ७ | राजस्व बाँडफाड संघीय | गाउँ कार्यपालिका | ९७५०० | ० | ० | ९७५०० |
| ८ | प्रदेश शसर्त अनुदान | गाउँ कार्यपालिका | ३२५५ | २७५०० | | ३०७५५ |
| ९ | प्रदेश समानिकरण अनुदान | गाउँ कार्यपालिका | ० | १२३४९ | ० | १२३४९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | प्रदेश समपुरक अनुदान | गाउँ कार्यपालिका | ० | १८७०० | ० | १८७०० |
| ११ | प्रदेश विशेष अनुदान | गाउँ कार्यपालिका | ५००० | ० | ० | ५००० |
| १२ | राजस्व बाँडफाड प्रदेश | गाउँ कार्यपालिका | ७०० | ० | ० | ७०० |
| १३ | सञ्चित कोषमा मौज्दात रकम | गाउँ कार्यपालिका | ५००० | १५००० | ० | २०००० |
| जम्मा रु. | | | ३६९२५५ | २६७६४९ | | ६३,६९,०४,००० |

छत्याङ गाउँपालिका